संघीय संसद
राष्ट्रिय सभा
पन्ध्रौं अधिवेशन
बैठक-४
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ११:०१ बजे*
*बैठक स्थगित : १:४६ बजे*

२०८० माघ २९ गते, सोमवार

संघीय संसद, राष्ट्रिय सभाको पन्ध्रौं अधिवेशनको चौथो बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा बिहान ११:०१ बजे प्रारम्भ भयो।

सर्वप्रथम, विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय नरबहादुर विष्टले** सुशासन प्रवर्द्धनका लागि वर्तमान सरकारले धेरै राम्रा कामहरू गर्दै गइरहेको र यसमा चुनौती पनि रहेको बताउनुभयो। नेपालमा केही पनि भएन भन्ने भाष्य स्थापित गरिँदै गएको बताउनुभयो। सुशासन प्रवर्द्धनमा सरकारले गरेका सकारात्मक कार्यहरूमा सबैले सहयोग गर्नुपर्ने बताउनुभयो। भ्रष्टाचार नियन्त्रणका लागि शक्तिशाली आयोग गठन गर्नुपर्ने बताउनुभयो।

**माननीय कुमार दसौदीले** सांसदहरूको उठाएको कुरा सरकारले नसुनेको बताउनुभयो। सरकारले एकाथरी कुरा गर्ने र अर्कोथरी काम गर्ने गरेको बताउनुभयो। जाजरकोट भुकम्पमा सरकार जिम्मेवार हुनुपर्ने कुरा पटक पटक सभामा उठाउँदा पनि सरकारले गम्भीरतापुर्वक नलिएको बताउनुभयो। वर्तमान सरकारले नेपालमा देखिएका समसामयिक सवालहरूमा ध्यान नदिएको बताउनुभयो। उहाँले न्यायालयप्रतिको जनविश्वास खस्किएको बताउनुभयो।

**माननीय जितेन्द्र नारायण देव**ले वर्तमान व्यवस्था माथि प्रश्न खडा भइरहेको बताउनुहुँदै न्यायिक समृद्धि र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न जरूरी रहेको बताउनुभयो। आजको नेतृत्वले सुशासन, जनकेन्द्रित सेवा प्रवाह र व्यापक रोजगारी सिर्जनामा ध्यान दिनुपर्ने बताउनुभयो। प्रतिगमनको बाटो भ्रष्ट्राचार भएकोले यसको निर्मूलन गर्नुपर्ने बताउनुभयो। भ्रष्टाचारको नियन्त्रणका लागि राजनीतिक इच्छाशक्ति विकास गर्नुपर्ने, नेताहरूले भ्रष्टाचारीलाई संरक्षण गर्न नहुने, कर्मचारीलाई दलीय राजनीतिबाट अलग गर्नुपर्ने, अख्तियारको संरचना र संगठनमा पुनर्विचार गर्नुपर्ने, नेपाल प्रहरीलाई राजनीतिक हस्तक्षेपबाट अलग राख्नुपर्ने, बताउनुभयो।

**माननीय राजेन्द्र लक्ष्मी गैरे**ले शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउनका लागि जसरी राजनीतिक दलले भूमिका निर्वाह गरेका थिए त्यसरी नै शान्ति प्रक्रियाको बाँकी काम पनि यथासक्य चाँडो सम्पन्न गर्नुपर्ने बताउनुभयो। विकास कार्यमा महिला, बालबालिका, दलित तथा जेष्ठ नागरिकलाई केन्द्रमा राखेर काम गर्नुपर्ने लगायतका विषयहरूको उठान गर्नुभयो।

**माननीय नारायण प्रसाद दाहाल**ले राष्ट्रिय सभाका विषयहरूलाई जनकेन्द्रित कसरी बनाउने भन्ने सन्दर्भमा सोच्नुपर्ने बेला आएको बताउनुभयो। वर्तमान सरकाले भ्रष्टाचार निवारण र सुशासनका पक्षमा गरेको कामको प्रतिपक्षले पनि सम्मान गर्नुपर्ने बताउनुभयो। उहाँले सबै मिलेर अगाडिका चुनौतीहरूको सामना गर्नुपर्ने बेला आएको बताउनुभयो।

**माननीय दिल कुमारी रावल थापा (पार्वती)** ले सञ्चारले विश्वसमुदायलाई जोड्न महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुहुँदै विभिन्न बैज्ञानिक खोजले आणविक हतियारको पनि आविष्कार गरेको बताउनुभयो। उहाँले रसिया युक्रेन युद्ध, इजरायल हमास युद्ध लगायतका युद्धहरूको शान्तिपूर्ण समाधानका लागि विश्वसमुदायले ध्यान दिनुपर्ने बताउनुभयो। नेपालको स्वास्थ्य क्षेत्रमा देखिएका समस्या समाधानका लागि सरकारले आवश्यक पहल गर्नुपर्ने बताउनुभयो।

**माननीय राधेश्याम पासवान**ले विधेयकमाथिको पर्याप्त छलफल हुनुपर्ने र महत्वपूर्ण विधेयकलाई प्रमुख प्राथमिकतामा राखेर कार्य गर्नेपर्ने बताउनुभयो। प्रतिपक्ष दलले सरकारका राम्रा कामहरूलाई राम्रो भन्नुपर्ने र सरकारका गलत कामको आलोचना गर्नुपर्ने तर सरकारको विरोधका लागि मात्र विरोध गर्ने कुरा गलत भएको बताउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले दिगो विकास तथा सुशासन समितिका माननीय सभापति प्रकाश पन्थलाई "**दिगो विकास तथा सुशासन समितिको वार्षिक प्रतिवेदन, २०७९/८०**" सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सभापतिले उक्त प्रतिवेदन सभामा पेस गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ्गलाई **"सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभामा प्रस्तुत गर्नुभयो।

तदुपरान्त सम्माननीय अध्यक्षले माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ्गले प्रस्तुत गर्नु भएको **"सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई छलफलमा भाग लिन समय उपलब्ध गराउनुभयो:

१. मा. भगवती न्यौपाने
२. मा. डा. विमला राई पौड्याल
३. मा. दिल कुमारी रावल थापा (पार्वती)
४. मा. राधेश्याम पासवान
५. मा. भैरव सुन्दर श्रेष्ठ
६. मा. तुलसा कुमारी दाहाल
७. मा. रामचन्द्र राई
८. मा. देवेन्द्र दाहाल

त्यसपछि सम्माननीय अध्यक्षले **"सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ्गलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभयो।

माननीय मन्त्रीले जवाफ दिनुभएपछि सम्माननीय अध्यक्षले **"सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट सर्वसम्मतीले स्वीकृत भयो।

**तदुपरान्त सम्माननीय अध्यक्षले "सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९"** माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने ब्यहोरा जानकारी गराउनुभयो।

तत्पश्चात् सम्माननीय अध्यक्षले **माननीय शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री प्रमिला कुमारी**लाई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित **"शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथि छलफल गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्ने समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि सम्माननीय अध्यक्षले **"विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०"** माथि छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै छलफलमा भाग लिनका लागि देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

१. मा. मदन कुमारी शाह (गरिमा)
२. मा. दिल कुमारी रावल थापा (पार्वती)
३. मा. युवराज शर्मा
४. मा. सुरेश कुमार आले मगर
५. मा. कमला पन्त

तदुपरान्त सम्माननीय अध्यक्षले **"विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथि छलफल गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै **माननीय शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री प्रमिला कुमारी**लाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध गराउनुभयो।

माननीय मन्त्रीले जवाफ दिएपछि सम्माननीय अध्यक्षले उक्त प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले **"शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०"** का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या **१ देखि २९** सम्म उल्लिखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **"शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०"** का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको **क्रम सङ्ख्या १ देखि २९ सम्म** उल्लिखित संशोधनहरू **"शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले विधेयकको दफा **२ देखि ६४** सम्मका दफाहरू **"शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० को अङ्ग बनोस्"** भनी निर्णयार्थ गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि सम्माननीय अध्यक्षले देहायबमोजिमको विधेयकको प्रस्तावना र नाम पढेर सभामा सुनाउनुभयोः

"**<u>प्रस्तावना:</u>** स्वास्थ्य विज्ञानको क्षेत्रमा गुणस्तरीय अध्ययन अध्यापनद्वारा मानवस्रोत विकास गरी सहज, सुलभ र विशेषज्ञ सहितको गुणस्तरीय स्वास्थ्य विज्ञान सम्बन्धी शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध गराउन तथा अध्ययन, अनुसन्धान र नवप्रवर्तनका माध्यमले मुलुकको समृद्धिकमा योगदान पुऱ्याउन शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम **"शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐन, २०८०"** रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।

तत्पश्चात् सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि सम्माननीय अध्यक्षले **माननीय शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री प्रमिला कुमारी**लाई **"शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० लाई पारित गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट सर्वसम्मतिले पारित भयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८० साल फागुन ६ गते आइतबार अपराह्न १ बजेर १ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

पद्मप्रसाद पाण्डेय
महासचिव